नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५३२ मिति :- २०६७/३/७

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” र राष्ट्रियस्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू एवं इजाजतपत्र प्राप्त मनिचेञ्जरहरु ।

विषय :- राहदानी वापतको सटही सुविधा सम्बन्धी व्यवस्था ।

महाशय,

निजी तथा औपचारिक तवरले विदेश भ्रमणमा (भारत वाहेक) जाने नेपाली नागरिकलाई राहदानी वापत निम्नानुसार सटही प्रदान गर्न सकिने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन,२०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. राहदानी वापत सटही पाउने व्यक्ति :

विदेश भ्रमणमा जाने नेपाली नागरिकहरूलाई नेपाल सरकारले जारी गरेको वैध राहदानी र कन्फर्म्ड हवाई टिकटको आधारमा तोकिएका बैंक/वित्तीय संस्था/इजाजतपत्रप्राप्त निकायहरूले सटही सुविधा दिनुपर्नेछ ।

२. राहदानी सुविधा वापत पाउने सटही रकमः

क) भारत वाहेक अन्य मुलुकहरुको भ्रमणमा जाने नेपाली नागरिकहरुले राहदानी वापत अधिकतम अमेरिकी डलर २,०००।- (दुईहजार) सम्मको सटही सुविधा पाउनेछन् ।

ख) अलग्गै राहदानी नलिई अभिभावकको साथमा जाने केटाकेटीहरूलाई अधिकतम अमेरिकी डलर ५००।- (पाँचसय) सम्मको सटही दिन सकिनेछ ।

ग) यस्तो सटही सुविधा एक आर्थिक वर्षमा अधिकतम २ पटक मात्र प्रदान गर्नु पर्नेछ । यसरी सटही उपलब्ध गराएको मिति र रकम राहदानीको सम्बन्धित खण्डमा अनिवार्य रुपमा उल्लेख गरी यस्तो सटही उपलब्ध गराउने इजाजतपत्र प्राप्त निकायको सम्बन्धित अधिकृतले दस्तखत गरी छाप समेत लगाउनु पर्नेछ ।

घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि औपचारिक तवरबाट गरिने विदेश भ्रमणको हकमा उल्लिखित २ पटकको प्रतिबन्ध लागू हुने छैन ।

(ङ) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरुलाई राहदानी वापत अधिकतम अमेरिकी डलर ५००/- (पाँचसय सम्म) मात्र सटही सुविधा उपलव्ध गराउनु पर्नेछ ।

च) कथंकदाचित यस दफा अन्तर्गत प्राप्त सटही सुविधा अपूग हुन गई बढी रकम आवश्यक परेमा आफ्नो प्यान नम्बर र रकम अपूग हुनाको कारण सहित विभागमा निवेदन गरेमा विभागले औचित्यको आधारमा आवश्यकतानुसार सटही सुविधा दिन सक्नेछ ।

३. स्थलमार्गबाट निजी भ्रमणमा जाँदा पाउने सटही सुविधा :

क) स्थलमार्गबाट चीनको स्वशासित क्षेत्र तिब्बत (नियमानुसार सीमा ओहोर दोहोर गर्ने व्यक्तिहरू वाहेक) र सार्क मुलुकहरू (भारत वाहेक) मा निजी भ्रमणमा जाने व्यक्तिहरूलाई सम्बन्धित देशको प्रवेशाज्ञा (Visa) भएमा बढीमा अमेरिकी डलर १,०००।- (एकहजार) सम्मको सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

ख) यसरी राहदानी वापतको सटही प्रदान गर्दा स्थलमार्गबाट भ्रमण गर्ने व्यक्तिहरु र सार्क देशहरु (भारतबाहेक) लगायत Entry Point मा प्रवेशाज्ञा दिने देशहरुमा भ्रमण गर्ने नेपाली नागरिकहरुको हकमा राहदानीमा Endorse गरी अधिकृतले दस्तखत र छाप समेत लगाउनु पर्नेछ ।

४. सटही सुविधाको सही उपभोग हुनु पर्ने :

राहदानी वापतको सटही सुविधा पहिला पनि उपभोग गरिसकेका व्यक्तिहरुको हकमा नीजले अघिल्लो पटक यस्तो सटही सुविधा लिएर उद्देश्य बमोजिम विदेश यात्रा गरेको भएमा मात्र अर्को पटक सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

५. कन्फर्म्ड हवाई टिकटको व्याख्या :

कन्फर्म्ड हवाई टिकट भन्नाले नेपाल वा भारतदेखि यात्रा शुरु हुने गरी नेपालमा जारी भएको कम्फर्म्ड हवाई टिकटलाई मात्र जनाउँछ । यसैगरी विदेशवाट नेपाल आई पुनः विदेश जाने विदेशमा जारी भएको दोहोरो कन्फर्म्ड टिकट भएका व्यक्तिहरुको हकमा समेत सो टिकट यस प्रयोजनको लागि उपयोग गर्न सकिने छ ।

६. सटही वापत नगदमा पाउने रकम :

सम्बन्धित बैंक/वित्तीय संस्था (इजाजतपत्रप्राप्त)/निकायहरूसँग रहेको नगद विदेशी मुद्राको संचितिलाई समेत दृष्टिगत गरी बढीमा अमेरिकी डलर ५००।- (पाँचसय) सम्म नगदमा सटही उपलव्ध गराउन सकिनेछ । सो भन्दा बढीको नगद सटही दिनुपरेको खण्डमा औचित्यको आधारमा सम्बन्धित बैंक/वित्तीय संस्था/ इजाजतपत्रप्राप्त निकायको शाखा प्रमुखले स्वीकृति दिएमा त्यस्तो सटही प्रदान गर्न सकिनेछ ।

७. लिएको सटही सुविधा सञ्चित गर्न पाउने :

भ्रमणका लागि लिइएको सटही सुविधा अन्तर्गतको कुनै पनि रकम भ्रमण सकि बाँकी रहन गएमा अधिकतम अमेरिकी डलर १,००० (एकहजार) सम्म अर्को भ्रमणमा उपयोग गर्न सक्ने गरी सम्बन्धित व्यक्तिले आफैसँग राख्न सक्ने छन् । साथै, परिवर्त्य विदेशी मुद्राका खातावालाहरूले यसरी बाँकी रहन आएको रकम आफ्नै खातामा जम्मा गरी राख्न चाहेमा सो समेत गर्न सक्नेछन् ।

८. राहदानी वापत सटही सुविधा दिंदा अपनाउनुपर्ने अन्य प्रक्रियाहरू :

क) सटही सुविधा प्रदान गर्दा प्राप्त हुने हवाई टिकटको ज्याकेट (Front Cover) मा सटही गरेको विदेशी मुद्रा रकम स्पष्ट बुझिने गरी प्रोटेक्टोग्राफद्वारा अंकित गरी सोमा सम्बन्धित अधिकृतले दस्तखत गरी संस्थाको छाप समेत लगाउनु पर्नेछ ।

ख) विद्युतीय टिकट (Electronic Ticket) को आधारमा राहदानी वापतको सटही सुविधा उपलव्ध गराउँदा सटही गरेको विदेशी मुद्रा रकम स्पष्ट बुझिने गरी राहदानी तथा Electronic Ticket मा अंकित गरी सोमा सम्बन्धित अधिकृतले दस्तखत गरी संस्थाको छाप समेत लगाउनु पर्ने छ । यसरी संस्थाको छाप लागि सकेपछि त्यस्ता कागजातको छविचित्र (Photocopy) अभिलेखका लागि आफूसँग अनिवार्यरुपमा राख्नु पर्नेछ ।

ग) राहदानी बापतको सटही सुविधा प्रदान गर्दा यसैसाथ संलग्न नमूना अनुसारको निवेदन फाराम भराएर लिनु पर्नेछ ।

घ) राहदानी सुविधा वापत सटही माग गर्न आउने निवेदकहरुबाट Confirmed Air Ticket को तेश्रो मुलुक उल्लेख भएको उडान कुपन तथा राहदानीको नाम ठेगाना र फोटो समेत भएको पृष्ठको छविचित्र (Photocopy) अनिवार्यरुपमा पेश गर्न लगाउनु पर्नेछ । ती छविचित्रहरु सक्कल प्रतिसँग भिडाई दुरुस्त भएमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

९. सटही प्रदान हुने संस्थाका शाखाहरू :

इजाजतपत्र प्राप्त बैंक/वित्तीय संस्था/निकायहरूबाट मात्र यस्तो सटही सुविधा प्रदान गर्न मिल्नेछ ।

१०. कारोवारको विवरण पेश गर्नु पर्ने :

(क) राहदानी वापतको यस्तो सटही सुविधा सम्वन्धी कारोवारको विवरण संलग्न ढाँचा अनुसार यस बैंकमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) प्रत्येक महिनाको कारोवारको मासिक विवरण महिना समाप्त भएको ७ (सात) दिन भित्र पेश गर्नु पर्नेछ ।

(ग) यस्तो विवरण पेश नगर्ने बैंक/वित्तीय संस्था/इजाजतपत्रप्राप्त निकायलाई प्रदान गरिएको इजाजत रद्द हुन सक्नेछ ।

११. यस सम्बन्धमा मिति २०६३/१२/११, मिति २०६४/४/२२, मिति २०६४/१०/२४ र मिति २०६६/१२/२० जारी गरिएका क्रमशः इ.प्रा.परिपत्र संख्या ४१३, ४५४, ४७१ र ५२१ खारेज गरिएका छन् ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल विकास बैंक संघ ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१२. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।

(इ.प्रा. परिपत्र संख्या- ५३२ को प्रयोजनको लागि)

मिति : ......................

श्री ...................................

.................................... ।

विषय :- राहदानी बापतको सटही सुविधा पाऊँ ।

महाशय,

म ........................................ मा करीब ................................................को लागि
(देशको नाम) (अवधि उल्लेख गर्नुपर्ने)
भ्रमणमा जान लागेको हुँदा राहदानी बापतको नियमानुसार पाउने अमेरिकी डलर .........................
(अक्षरेपी अमेरिकी डलर ....................................................... मात्र) सटही सुविधाको लाीग अनुरोध गर्दछु ।

मैले यस राहदानी बापत सटही लिएको एक महिना भित्र उद्देश्य बमोजिम विदेश यात्रा नगरेमा सो विदेशी मुद्रा बैंकमा दाखिला गर्नेछु । साथै, यस पटकको विदेश भ्रमणको लागि राहदानी बापतको सटही सुविधा अन्य कुनै पनि संस्थाबाट नलिएको व्यहोरा समेत अनुरोध गर्दछु । झुठा विवरण पेश गरी सटही लिएको ठहरेमा प्रचलित ऐन, कानून बमोजिम सजायँको भागिदार स्वयं हुनेछु ।

भवदीय,

.........................
दस्तखत

विवरण :-

राहदानी नं. ......................
एयरलाइन्सको नाम : ......................
(क) हवाई टिकट नं.......................
(ख) हवाई टिकट नं.......................
उडान निश्चित भएको तारीख.....................

पुरा नाम : ........................................
ठेगाना : ....................................
फोन नम्वर : ....................................
राहदानी जारी गरेको मिति : ........................
राहदानी बहाली रहने मिति : ......................

# राहदानी वापत सटही सुविधा प्रदान गरिएको मासिक विवरण

(इ.प्रा. परिपत्र संख्या- ५३२ को प्रयोजनको लागि)

बैंकको नाम .......... ............ .... शाखा .....................

..................साल...............................महिना ....................                    मिति :.......................

| सि.नं | मिति | नाम | पासपोर्ट नं | टिकट नं | जाने मुलुकको नाम | रकम (यु.एस.डलरमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |